| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sagarmatha International Employment Pvt. Ltd.**

K.B INTERNATIONAL EMPLOYMENT (P) LTD

Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9844078232, 9844078232 9823810701, 9746850593 E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LALIGURANS WEDDING ORGANIZING COMPANY

पुर्व स्वीकृति मिति २०८०/०९/२९ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/११ LT. No. 297951 चलानी नं. ६०२१२९५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 3 | 800 | २८,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter/Waitress | 15 | 3 | 1200 | ४३,२८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० माघ १९ गते (2nd Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**

श्रम ईजाजत नं. १२२४/०७४/०७५

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257

Mobile No. 9849007152, E-mail: jalajalarecru2017@gmail.com

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको

### तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८०/१०/१२)

तपशिलमा उल्लिखित ऋणीहरुले यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)बाट उपभोग गर्नुभएको कर्जाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना व्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वितीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी तपाईंलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चल अचल सम्पति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | |
|---|---|---|
| **१. होटेल सेक्रेट हेभेन**<br>दर्ता नं. : २२५२३५/०७६/०७७<br>ठेगाना : पोखरा ०६, कास्की<br>**कर्जा शीर्षक : विविध कर्जा** | **१. जुना अधिकारी**<br>ना.प्र.नं. : १२२०७२<br>जारी मिति : २०५८/१०/०४<br>जि.प्र.का. : कास्की<br>बाबु : चुडामणी तिमिल्सीना<br>पति : राजेन्द्र अधिकारी<br>ससुरा : चुडामणी अधिकारी | **२. अनुप अधिकारी**<br>ना.प्र.नं. : ४६-०१-७१-०१५९२<br>जारी मिति : २०७१/०२/१६<br>जि.प्र.का. : कास्की<br>बाबु : राजेन्द्र अधिकारी<br>बाजे : चुडामणी अधिकारी |

**धितोको विवरण**

जुना अधिकारीको नाममा कास्की जिल्ला मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको कास्की जिल्ला, सेलमार गा.वि.स./न.पा. वडा नं. ६ स्थित कि.नं. १४४ (१८५.९० व.मी.) क्षेत्रफल भएका घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | |
|---|---|---|
| **२. लुमा कुमारी राना**<br>ना.प्र.नं. : २९९८<br>जारी मिति : २०४४/१२/१०<br>जि.प्र.का. : पर्वत<br>ठेगाना : वालिङ्ग ०९, स्याङ्जा<br>पति : खडक बहादुर राना<br>ससुरा : तारापति राना<br>**कर्जा शीर्षक : विविध कर्जा** | **१. खडक बहादुर राना**<br>ना.प्र.नं. : ४७४०<br>जारी मिति : २०४३/०२/११<br>जि.प्र.का. : पर्वत<br>बाबु : तारापति राना<br>बाजे : बहादुर राना | **२. मिलन राना**<br>ना.प्र.नं. : ५११०५२/९२<br>जारी मिति : २०६६/०३/२२<br>जि.प्र.का. : पर्वत<br>बाबु : खडक बहादुर राना<br>बाजे : तारापति राना |
| | **३. जित बहादुर राना**<br>ना.प्र.नं. : ५१-०१-७०-०४४०९<br>जारी मिति : २०७०/०९/१७<br>जि.प्र.का. : पर्वत<br>बाबु : खडक बहादुर राना<br>बाजे : तारापति राना | **४. विजन राना**<br>ना.प्र.नं. : ५११०५२/२३०<br>जारी मिति : २०६८/०१/०४<br>जि.प्र.का. : पर्वत<br>बाबु : खडक बहादुर राना<br>बाजे : तारापति राना |

**धितोको विवरण**

लुमा कुमारी रानाको नाममा स्याङ्जा जिल्ला मालपोत कार्यालय स्याङ्जामा दर्ता कायम रहेको स्याङ्जा जिल्ला, वालिङ्ग गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. २३९१ (०-४-०-३) क्षेत्रफल भएका घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | |
|---|---|---|
| **३. ऋणी : राम बहादुर वि.क.**<br>ना.प्र.नं. २७३५<br>जारी मिति : २०५८/०२/१८<br>जि.प्र.का. : स्याङ्जा<br>ठेगाना : चापाकोट ०२, स्याङ्जा<br>बाबु : पूर्ण बहादुर वि.क.<br>बाजे : दिर्घ लाल<br>**कर्जा शीर्षक : व्यक्तिगत कर्जा** | **१. भगवती वि.क.**<br>ना.प्र.नं. : ४२३०२०/३६१<br>जारी मिति : २०६३/११/२६<br>जि.प्र.का. : स्याङ्जा<br>पति : राम बहादुर वि.क.<br>ससुरा : पूर्ण बहादुर वि.क. | **२. बाजिन्द्र विश्वकर्मा**<br>(ना.प्र.नं. : १०८९०<br>जारी मिति : २०४९/१२/११<br>जि.प्र.का. : स्याङ्जा<br>बाबु : दिर्घ लाल विश्वकर्मा<br>बाजे : लक्ष्मण विश्वकर्मा |

**धितोको विवरण**

१. राम बहादुर वि.क.को नाममा स्याङ्जा जिल्ला मालपोत कार्यालय स्याङ्जामा दर्ता कायम रहेको स्याङ्जा जिल्ला, चापाकोट गा.वि.स./न.पा. वडा नं. २ स्थित कि.नं. २०४० (०-४-०-२ रोपनी) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

२. पूर्ण बहादुर वि.क.को नाममा स्याङ्जा जिल्ला मालपोत कार्यालय स्याङ्जामा दर्ता कायम रहेको स्याङ्जा जिल्ला, चापाकोट गा.वि.स./न.पा. वडा नं. २ स्थित कि.नं. २३१६ (०-३-३-० रोपनी) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | |
|---|---|---|
| **४. अल्फा कृषि तथा पशुपंक्षी फार्म**<br>प्रा.फ.द.प्र.प.नं. : ६९५०/५१२/०७६/०७७<br>ठेगाना : सिदलेक ०७, धादिङ्ग<br>**कर्जा शीर्षक : आवधिक कर्जा** | **१. तिलक बहादुर कामी**<br>ना.प्र.नं. : २५४२<br>जारी मिति : २०४४/१०/२८<br>जि.प्र.का. : धादिङ्ग<br>बाबु : अभिमाने कामी<br>बाजे : रामचन्द्र कामी | **२. रेशम वि.क.**<br>ना.प्र.नं. : २६३०३४/३७७<br>जारी मिति : २०६०/१०/१३<br>जि.प्र.का. : धादिङ्ग<br>बाबु : तिलक बहादुर कामी<br>बाजे : अभिमाने कामी |
| | **३. सुनिता वि.क.**<br>ना.प्र.नं. : २६ १/५९११७<br>जारी मिति : २०६९/०७/१५<br>जि.प्र.का. : धादिङ्ग<br>पति : रेशम वि.क.<br>ससुरा : तिलक बहादुर कामी | **४. तिल कुमारी कामी**<br>ना.प्र.नं. : ५ टो २५४१-०४४/४५<br>जारी मिति : २०४४/११/२८<br>जि.प्र.का. : धादिङ्ग<br>पति : तिलक बहादुर कामी<br>ससुरा : अभिमाने कामी |

**धितोको विवरण**

तिलक बहादुर कामीको नाममा धादिङ्ग जिल्ला मालपोत कार्यालय धादिङ्गमा दर्ता कायम रहेको धादिङ्ग जिल्ला, कुम्पुर गा.वि.स./न.पा. वडा नं. ५(घ) स्थित कि.नं. २७८ (०-४-३-० रोपनी) र कि.नं. २४०(७-११-०-० रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | | |
|---|---|---|---|
| **५.**<br>**क) सिद्धार्थ मन्टेश्वरी एकेडेमी** रुपन्देही प्रा.लि.<br>दर्ता नं. : १२०९४५/०७०/०७१<br>ठेगाना : सुर्यपुरा ०३, रुपन्देही<br>**ख) राजु लोध**<br>ना.प्र.नं. : १६८७५<br>जारी मिति : २०६१/०८/२८<br>जि.प्र.का. : रुपन्देही<br>बाबु : दुवर लोध<br>बाजे : त्रिवेणी लोध<br>**कर्जा शीर्षक : विविध कर्जा** | **१. उर्मिला लोध**<br>ना.प्र.नं. : ३७-०१-७१-०६८५४<br>जारी मिति : २०७१/०७/२०<br>जि.प्र.का. : रुपन्देही<br>पति : राजु लोध<br>ससुरा : दुवर लोध | **२. राजु लोध**<br>ना.प्र.नं. : १६८७५<br>जारी मिति : २०६१/०८/२८<br>जि.प्र.का. : रुपन्देही<br>बाबु : दुवर लोध<br>बाजे : त्रिवेणी लोध | **२. दुवर लोध**<br>ना.प्र.नं. : ११७५१<br>जारी मिति : २०३४/१०/११<br>जि.प्र.का. : रुपन्देही<br>बाबु : त्रिवेणी लोध<br>बाजे : जोखु लोध |
| | **४. सारधा लोधीन**<br>ना.प्र.नं. : ११७१८<br>जारी मिति : २०३४/१०/११<br>जि.प्र.का. : रुपन्देही<br>पति : दुवर लोध<br>ससुरा : त्रिवेणी लोध | | |

**धितोको विवरण**

राजु लोधको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सुर्यपुरा गा.वि.स./न.पा. वडा नं. ३(क) स्थित कि.नं. २१९ (७११.०२ व.मी.) र कि.नं. ९३५ (२२०.०८ व.मी.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**

दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२

फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०

इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## राष्ट्रिय सभाको गिर्दो साख

राष्ट्रिय सभालाई विज्ञहरूको सभाका रूपमा यसअघि चिनिन्थ्यो । तर पछिल्लो निर्वाचनहरूले यो सभालाई राजनीतिक दलले विभिन्न चुनावमा हारेका नेताहरूलाई व्यवस्थापन गर्ने थलो बनाएको छ ।

बिहीबारको निर्वाचनमा समेत सत्ता गठबन्धनले प्रतिनिधि सभामा पराजित, प्रदेश सभामा पराजित र पार्टीमा पनि कार्याकर्ताले नरुचाएका नेताहरूलाई जिताएर पठाएको छ । प्रत्यक्षतर्फबाटमात्र हैन समानुपातिकमा आफूहरू नछानिएपछि राष्ट्रिय सभामा आउनेहरूको सूची पनि लामै छ ।

निर्वाचनबाट कांग्रेसका चर्चित नेता कृष्णप्रसाद सिटौलादेखि माओवादी केन्द्रका झक्कुप्रसाद सुवेदी ६ वर्षका लागि राष्ट्रिय सभाको जागिरे भएका छन् । यसैगरी समानुपातिक सूचीमा रहेका कांग्रेसका आनन्दप्रसाद ढुंगाना मधेश प्रदेशबाट राष्ट्रिय सभामा छिरेका छन् ।

कुनैबेला राजाले भारदारी सभाजस्तो बनाएको राष्ट्रिय सभा प्रजातन्त्रपछि विज्ञता प्रदर्शन गर्ने थलो बनेको थियो । अहिले फेरि शीर्ष दलका शीर्ष नेताका भारदारी सभाजस्तै हुने भएको छ यो सभा । फरक यति हो, पहिले श्री ५ ले छान्थ्यो, अहिले श्री ३ (देउवा, ओली र दाहाल)ले छान्छन् । योसँगै प्रतिनिधि सभाबाट आएको विधेयकहरूको क्रस चेक गर्ने र पार्टीगत स्वार्थ बोकेर आएका विधेयकहरूमा चेक एन्ड ब्यालेन्स गर्ने सभाको औचित्य अब लगभग सकिएको देखिन्छ ।

हुन त संघीयता जोगाउने हो भने राष्ट्रिय सभालाई अब हटाउनुपर्ने संघीयताविद्हरू नै बताउँछन् । प्रतिनिधि सभा पनि १६५ जनाको बनाउँदा ठीक हुने उनीहरूको सुझाव छ । धेरैजसो अधिकार स्थानीय तह र प्रदेश तहलाई दिएको अवस्थामा संघमा बोझ हुनेगरी सांसदहरू र मन्त्री पोस्ने पाल्ने कार्यक्रम बन्द हुनुपर्ने उनीहरूको राय छ । संघमा अहिले २५ जना मन्त्री छन् । यसलाई घटाएर १५ सम्म बनाउन सकिने सुझाव पनि संघीयताविद्हरूको छ ।

यस्तो अवस्थामा राष्ट्रिय सभाको औचित्य सकिने गरी दलहरूले कदम चालेको देखिन्छ । विज्ञहरूको सभालाई फेलियरहरूको व्यवस्थापन गर्ने थलो बनाएको देखेर व्यवस्थाविरोधीलाई निकै मजा लागेको हुन सक्छ । यता व्यवस्था जोगाउन चाहनेहरूको लागि भने यो तितो लाग्न सक्छ । हुन त गणतन्त्र र संघीयताकै वकालत गर्दै आएको कांग्रेसका सिटौलाले पनि राष्ट्रिय सभामा सेफ ल्यान्डिङ गरेका छन् । जुनै निर्वाचन नफापे पछि सिटौलाले राष्ट्रिय सभामा 'सरेन्डर' गरेका हुन् । यसरी सजिलो बाटो रोजेका नेताहरूमा वामदेव गौतम, नारायणकाजी श्रेष्ठ पनि छन् । तर कतै नबिकेपछि ओत खोज्दै राष्ट्रिय सभा पस्दा यो सभाको गरिमा ह्वात्तै घटेको छ ।

# नेतृत्वमा अदृश्य दबाब



▸▸ निमा काफ्ले

> नेपाली सन्दर्भमा हेनुपर्दा महिलाका सवालमा स्थापना भएका संघसंस्थाहरूको स्वरूप, संरचना उद्देश्य र कार्यशैलीमा देखिन नसकेको नवीनता र पृथकताको कारण खोज्न जरूरी भइसकेको छ । सामाजिक विद्रोहमा योगमायाले सुरू गरेको अभियानदेखि साहना प्रधान, साधना प्रधान र मंगलादेवीहरूले संस्थागत गरेको राजनीतिक एजेण्डा नै आजका दिनसम्म पनि निरन्तर उही शैलीमै गइरहनु पनि हाम्रो महिला आन्दोलन विकासको एउटा अवरोध हो ।

स्वीजरल्याण्डको डाबोसमा वर्ल्ड इकोनोमी फोरमको ५४औं वार्षिक सम्मेलन भर्खरै सम्पन्न भएको छ । क्लाउस स्वाबको एलिट क्लब मानिने यो फोरममा पछिल्ला केही वर्षहरूमा थोरै नेपालीहरूको उपस्थिति रहेको थियो । सन् २०२४ को आर्थिक र राजनीतिक एजेण्डा तय गर्न डाबोस यो पटक सफल होला या नहोला त्यो समयले बताउने छ । तर त्यहाँ देखिएका केही अप्रत्यासित परिदृश्यले यो फोरमको परम्परागत र वर्चश्वशाली कोरियोग्राफीलाई भने भत्काइदिएको छ । यही सम्मेलनकै बीचमा फ्रान्सबाट अर्का सुखद समाचार आएको छ, प्रधानमन्त्रीका रूपमा गाब्रियल अटलको नियुक्ति । त्यो पनि फ्रान्सकै कान्छो र पहिलो समलिंगीको रूपमा । यो खबर यतिखेर विश्वभरिका यौनिक अल्पसंख्यकहरूको लागि गर्व गर्नलायक विषय बनेको छ ।

यस्ता धेरै कोणबाट सन् २०२४ रोचक बन्ने देखिन्छ । विश्वभरिमा सबैभन्दा बढी देशमा निर्वाचन हुने यो वर्ष अमेरिकामा डोनाल्ड ट्रम्पको पुनरागमनको चर्चा सबैभन्दा बढी हुने अनुमान गर्न सकिन्छ । यता भारतको उत्तर प्रदेशको अयोध्यामा राम मन्दिरको उद्घाटन धार्मिकभन्दा राजनीतिक केन्द्र बन्दै गर्दा नरेन्द्र मोदीको उदयलाई २०२४ ले नवीकरण गर्ने निश्चित प्रायः देखिन्छ । गाब्रीयल, ट्रम्प अथवा मोदीको चर्चा गर्दै गर्दा विभिन्न दृष्टिकोणबाट विश्लेषण गरिरहँदा नेपाली समाजमा नयाँ पुस्ताका लागि भने हामीले के उदाहरण प्रस्तुत गरिरहेका छौं, थोरै चर्चा गरौं ।

हामी सबैले बुझेको कुरा के हो भने प्राकृतिक हिसाबले हरेक वस्तु, व्यक्ति वा विषयको उत्पत्ति, विकास र हस्तान्तरणको एउटा प्रक्रिया हुन्छ । अझ भनौं चक्र हुन्छ । सन् २०२४ सम्म आएको यस्ता विषयवस्तुहरू नियाल्दा यो नियमित र स्वाभाविक देखिन्छ । यसलाई प्राकृतिक सिद्धान्तको रूपमा लिन सकिन्छ । अझ समाज विकासका सन्दर्भमा कुरा गर्नुपर्दा सामाजिक प्रणालीको निर्माण, विकास र हस्तान्तरणमा नेतृत्वको सन्दर्भ पनि प्राकृतिकरूपमै शृंखलाबद्ध भएको हुन्छ । यहाँ चर्चा नेपालको थोरै सामाजिक परिवेशको गरौं । अहिले सामुदायिक निकायहरू वा सरकारी, गैरसरकारी संघसंस्था वा राजनीतिक दलहरू सबैतिर निर्वाचनका प्रक्रियाहरूमार्फत नेतृत्व चयन भइरहेको देखिन्छ । यस प्रक्रियाको आफ्ना विधि विधान, कार्यकाल, कार्यपद्धति वा प्रक्रियाहरूका आफ्नै सीमा हुन्छन् । यी सबै पक्षहरू समयअनुसार अद्यावधिक, परिमार्जित र समयानुकूल बनाउन खोजिएको हुन्छ । तर हामी आबद्ध संघसंस्थाहरू, पेसागत वा आस्थाका हिसाबले जोडिएका संगठनहरू अध्ययन गर्ने हो भने पनि एउटा यस्तो स्वरूप हाम्रा अगाडि देखिन्छ कि अघिल्लो नेतृत्वकै छायाँमा नयाँ नेतृत्व अल्मलिइरहेको छ ।

संघसंस्थाहरूमा नेतृत्वका सन्दर्भमा लिएर जुन किसिमको निराशाहरू अहिले देखिन्छ त्यसको एउटा कारण पुस्तान्तरणको सवाल र नेतृत्व विकास र हस्तान्तरणमा देखिएको गतिरोध नै हो । हरेक ठाउँमा सिकाइ र विज्ञताका क्षमताका आधारमा भन्दा नेतृत्वको पुस्ताका आधारमा मोर्चाबन्दी भइरहेको देखिन्छ । नयाँ पुस्ताले कुनै नवीनतम् ज्ञान वा सिकाइका आधारमा अवधारणा वा योजनाहरू अगाडि सारेको खण्डमा पुरानाले अपमानित महसुस गर्ने वा आफूलाई बाहिर राख्न खोजेको महसुस गर्ने खालको अवस्था छ भने पुरानाहरूले आफ्नै समयका विधिहरू, तौरतरिका र इतिहास सुनाउँदा नयाँले समयअनुसार हिँड्न नसकेको महसुस गर्ने अवस्थाहरू निर्माण भइरहेको छ । यसरी हेर्दा नयाँले अग्रजको इतिहास र सिकाइलाई पनि नस्वीकारेको अनि पुरानाले नयाँको नवीनतम् ज्ञान र प्रविधिसहितको क्षमतालाई पनि नस्वीकारेको स्पष्टै देखिन्छ ।

यस्ता संघसंस्थाको नेतृत्वमा पितृसत्तात्मक सोचले काम गरेको देखिन्छ । यो सोचमा संस्थागत संस्कार, काम गर्ने क्षमता, सोच, बल, सक्रियता आदिका आधारमा बलियोले निर्धोलाई दबाइरहेको छ । अझ भनौं यही सोचका उपज पुरुषहरूबाट महिलाहरू धेरै हिसाबले दबित छन् । उत्पीडित र प्रभावित छन् । अझ नेतृत्व विकासका उल्लेखित समस्याहरू महिलाहरूले सञ्चालन गर्ने अभियानहरूमा देखिएको पाइन्छ । पुरुषले नेतृत्व गरेका संस्थाहरूमा पुस्ताका आधारमा कार्यशैलीमा समस्या सिर्जना भए विद्रोह वा विभाजनकै अवस्था निर्माण पनि भएका छन् तर महिलाहरूले सञ्चालन गरेका संस्थाहरूमा पुस्ताका प्रभावले संस्थाहरू काम गर्न न विघटन हुनुको अवस्थामा छन् । विभाजन वा विघटन हुन पनि नसक्ने र सिर्जनशील हुन पनि नसक्ने अवस्थामा अल्झिरहेको अवस्था छ ।

महिलाहरूद्वारा स्थापित र सञ्चालित संस्थाहरूमा संस्थापकहरू सक्रिय छउञ्जेल उनीहरूको निरन्तर निर्देशन लिइरहनुपर्ने नयाँ पुस्ताको बाध्यता जस्तै देखिन्छ । १८औंदेखि १९औं शताब्दीको बीचमा युरोप र उत्तर अमेरिकामा महिलाहरूका लागि शैक्षिक विकासका लागि भएका प्रयत्न आधुनिक मानव समाजमा महिला केन्द्रित सामाजिक विकासका प्रयासहरू हुन् । बेलायतमा सन् १८४८ मा स्थापना भएको क्विन्स कलेजको स्थापना सन्दर्भ र योगदानले महिलाहरूको सामाजिक विकासमा भएको इतिहास झल्काउँछ । तर यो इतिहासको निरन्तरता र हस्तान्तरण समयानुकूल भयो त ? यो गम्भीर प्रश्न छ । यो विकासको अवरोध पुरुष सत्तामात्रै भयो कि महिलाहरूबीचमा हुनुपर्ने एकता, रूपान्तरण र नयाँ निर्माणको अभिरुचि पनि जिम्मेवार छ ।

महिलाहरूका लागि निर्माण भएका भनिएका विधि वा संरचनाहरूको संरक्षण विकासमा महिलाहरूकै पहल पनि अपेक्षित हुन नसक्नुको कारणहरू पनि खोज्दै गर्दा महिलाहरूकै पुस्तान्तरणका समस्या पनि देखिन्छन् । अग्रज नेतृत्वको समयअनुसारका शैलीमै नयाँ चल्नुपरेको अवस्था पनि यो विकासको गतिरोधको कारण हो भन्न सकिन्छ । तथ्यांकमै मापन गर्न सकिने अवस्था नभए पनि आफैंभित्रका समस्याहरूलाई पनि हेर्ने अभ्यास गर्नुपर्छ ।

नेपाली सन्दर्भमा हेनुपर्दा महिलाका सवालमा स्थापना भएका संघसंस्थाहरूको स्वरूप, संरचना उद्देश्य र कार्यशैलीमा देखिन नसकेको नवीनता र पृथकताको कारण खोज्न जरुरी भइसकेको छ । सामाजिक विद्रोहमा योगमायाले सुरु गरेको अभियानदेखि साहना प्रधान, साधना प्रधान र मंगलादेवीहरूले संस्थागत गरेको राजनीतिक एजेण्डा नै आजका दिनसम्म पनि निरन्तर उही शैलीमै गइरहनु पनि हाम्रो महिला आन्दोलन विकासको एउटा अवरोध हो । नयाँ पुस्ताले भोगेका समस्या, प्राप्त गरेका ज्ञान र उपलब्धिहरूलाई किन संस्थागत गर्न सकिएको छैन ? किन सिंगै आन्दोलनले यो नयाँ सोचलाई स्वामित्व ग्रहण गर्न सकेको छैन ? के आजका राजनीतिक मुद्दाहरू भिन्न ढंगले उठ्दै राजनीतिको मूल प्रवाहमा स्थापित भए त ? यो गम्भीर प्रश्न छ ।

यस्तै नेपाली पत्रकारितामा कुमारी कामाक्षदेवी र साधना प्रधानले सुरु गरेर पत्रकारिता तथा महिला पत्रकारहरूको संगठनको निर्माण हुँदै गर्दाका एजेण्डा र अवस्थाहरू नै आज पनि त्यसकै निरन्तरताले धान्न सक्छ ? यी विषयहरू पत्रकारितामा अझ महिला पत्रकारहरूले सोच्नुपर्ने विषय हो । उदाहरणका लागि, टाइम म्यागजिनले सन् २०२४ को 'पर्सन अफ द इयर'मा टेलर स्वीफ्टलाई कभर पेजमा राखेर 'मेनस्ट्रिम बहस'मा एक महिला गायिकालाई स्थान दिने र परम्परागत पत्रकारिताको अवधारणालाई भत्काउने साहस नेपाली पत्रकारिताले देखाउन सक्छ ? के हामीले तीन दशकमा जुन पत्रकारिताको साहित्य बोक्यौं अब त्यसलाई मात्र निरन्तरता दिने कि बदलिँदो विश्व व्यवस्थालाई हेर्दै समयसापेक्ष बनाउने ?

गौरी रायमाझीले सुरु गरेको महिला उद्यमशीलता र आत्मनिर्भरताको एजेण्डा आजका महिला उद्यमशीलता अभियानका नेतृत्वहरूसम्म आइपुग्दा पर्याप्त छन् त ? हरेक इतिहास निर्माणमा देखिएका पात्रहरू पनि प्रभाव पहुँचका आधारमा नै स्थापित भएको पनि त भन्न सकिन्छ । देशका कुनाकुना, दूरदराजमा भएका प्रयासहरू पनि त इतिहासमा संस्थागत हुन सकेका छैनन् । अझ अहिले पनि अघिल्लो पुस्ताकै निरन्तरता र निर्देशनमा सीमित रहने हो भने नयाँ खोजी र दस्तावेजीकरणको काम अलपत्र हुने देखिन्छ ।

राजनीति, पत्रकारिता, सामाजिक संघसंस्था वा उद्यमशीलता प्रवर्द्धनका हरेक क्षेत्रमा देखिएको अग्रजको 'लिडरसिप ह्याङओभर'ले महिला आन्दोलनको समग्रतामा पनि अग्रजहरूको पुरातन शैलीको 'फेमिनिज्म' मात्रै संस्थागत गर्ने कि सिर्जनात्मकता र क्षमताका आधारमा नयाँ इतिहास निर्माण गर्ने ? आफ्नो विचार वा नवप्रवर्द्धन लागू गर्न नसक्ने अवस्था हो भने पहिलेकै व्यक्तिहरूले देखाएको आधारमा मात्रै हस्तान्तरण भयो भने इतिहासकै निरन्तरता त हुन्छ त्यहाँ नयाँ निर्माण भएको मान्न सकिँदैन । यही अवस्थाकै कारण सिर्जनात्मक क्षमता भएकाहरू विस्थापित वा पलायन हुने र पहिलेकै आधारमा स्थापित भएकाहरूले गर्न नसक्ने भएका कारण अझै दशकसम्म यही सोच रहिरहन्छ । तसर्थ नयाँ पुस्ताका महिला अधिकारकर्मीहरूमा नजानिँदो प्रभाव (अननोइङ ह्याङओभर)ले पुरानाहरूबाट सिक्दै र अनुभव लिँदै आफ्नो नवीन सोचलाई नेतृत्व तहमा ल्याउन सकेमा मात्र नव 'फेमिनिज्म'को बदलिदो स्वरूपमा आफ्नोपन वा आफ्नो अवधारणा कायम गर्न सक्नुपर्छ । पुरानो 'फेमिनिज्म'को सोचमा मात्र रुमलिए भने बदलिँदै गएको महिलावादी अवधारणामा आफूलाई स्थापित गर्न सक्दैनन् । *रासस*

मनन्योग्य

## विदुर नीति

अनेक गुण सम्पन्न विदुरले धृतराष्ट्रलाई नीतिगत उपदेश मात्र गरेनन्। उनले त कुरु राजघरानामा बेलाबखत देखापर्ने जटिल समस्याहरू समेतलाई समाधान गर्ने गरेका थिए। पाण्डुका पाँचवटै छोरा पाण्डु वन निवास गर्दै गरेको समयमा जन्मिएका थिए। त्यतिबेला सबैलाई थाहा थियो कि आपका (या रोगको कारणले) राजा पाण्डु सन्तान उत्पत्ति गराउन सक्षम छैनन्। यस्तो स्थितिमा जन्मेका पाण्डुपुरहरूलाई राजपरिवारको सदस्य, पाण्टुका सन्तान हुन् भनी स्वीकार गराउनलाई पनि ज्यादै सुझबुझ लगाउनुपर थियो। यस्तो अवस्थामा पनि पाण्डुपुत्रहरूलाई 'राजपुर पाण्डव' र दुर्योधनाधिलाई कौरव भन्ने स्वीकार गराउनमा पर्दाका पछाडि विदुरको महत्त्वपूर्ण भूमिका रह्यो। यति मात्र होइन, पाण्डुपुत्रहरूलाई परिश्रमी र लगनशी रूपमा तयार गराएर आर्यावर्तका सर्वश्रेष्ठ व्यक्ति हुन् भन्ने पनि सिद्ध छाडेका थिए।

युधिष्ठिरलाई युवराज बनाउनमा पनि विदुरले महत्त्वपूर्ण भूमिका खेलेका थिए । जब वारणावतको लाक्षागृहमा कुन्तीसहित पाण्डुपुत्रहरूलाई हत्या गर्ने षड्यन्त्र गरियो त्यसबाट पाण्डवहरूलाई बचाउन विदुरले नै अहम् कार्य गर्नुपरेको थियो। द्रौपदीको स्वयम्बरपश्चात् विदुरले नै कुलवधू द्रौपदीसहित पाँच पाण्डव र कुन्तीलाई हस्तिनापुरमा आफ्नो साथ ल्याएका थिए ।

जब कि सबैले पाण्डवहरूलाई लाक्षागृहमा डढेर मरिसके भन्ने विश्वास गरेका थिए, यस्तो अवस्थामा पनि पाण्डवहरू जीवित नै छन् अनि जुन ब्राह्माण पुत्रले द्रौपदीको स्वयम्वरमा लक्ष्यवेध गर्यो ऊ नै अर्जुन हो र बाँकी पाँच भाइ पाण्डव हुन् भनी विश्वास दिलाउन विदुरलाई कति कठिन पर्यो होला सहजै अनुमान गर्न सकिने कुरा हो। त्यसमा पनि धृतराष्ट्र र भीष्मपितामहलाई (पत्यार) विश्वास दिलाउन झनै असजिलोसमेत परेको थियो।

जनचाहनालाई प्रबल आधार बनाएर पुत्रमोहले समेत अन्धो भएका राजा धृतराष्ट्रलाई सम्झाएर कुलवधू द्रौपदीसहित कुन्ती र उनका छोरा पाण्डवहरूलाई हस्तिनापुरमा बोलाउन लगाउनु र औपचारिकतापूर्वक उनीहरूको स्वागतमा तयार गराउनुजस्तो बुद्धि चातुर्यको काम विदुरले नै पूरा गरेका थिए। विदुर सुरुदेखि अन्तसम्म कुरु राज्यप्रति निष्ठावान् रहेका थिए ।

पत्र-मञ्जुषा

## आशा जगाउने साथ खोजिरहेका छन् जनता

केही दशकअघिसम्म ग्रामीण भेगमा खोला तर्ने क्रममा वा भिरबाट लडेर धेरैको मृत्यु हुन्थ्यो । खोला तर्न पुल नहुँदा र बाटो पनि साँघुरो, भिरालो हुँदा दिनहुँजसो त्यहाँका जनता समस्यामा परेको वा मृत्यु भएको समाचार सुनिन्थ्यो । अहिले पनि ग्रामीण भेगमा यो समस्या कायमै छ ।

पुल नहुँदा खोला तर्ने क्रममा बगाएको, बाटो अग्लो, भिरालो र साँघुरो हुँदा यात्रा गर्ने क्रममा, घाँस काट्दा वा हिँड्दा नै लडेर मृत्यु भइरहेको पाइन्छ । केही वर्षयता यस्ता घटनाभन्दा बढी सवारी दुर्घटना र आत्महत्या गर्नेको संख्या ह्वात्तै बढेको छ । सरकारले अग्लाअग्ला घर बनाउन दिएको छ । जसका कारण घर बनाउँदा वा आफैंले घरबाट हामफालेर आत्महत्या गर्ने क्रम बढ्दो छ । यता, सवारी दुर्घटनाबाट मृत्यु हुनेको तथ्यांक त झनै भयावह छ । सरकारले पाँच तल्लादेखि १९ तल्लासम्मका घर बनाउन दिएको छ । त्यो चाहे निजी घर होस् या हाउजिङ, अपार्टमेन्ट ।

त्यो घर बनाउँदा मजदुरहरू लडेर मृत्यु भएका थुप्रै घटना बाहिरिएका छन् । त्यस्तै, कतिपय व्यक्तिले आफ्नो आर्थिक व्यवहार बिग्रँदा वा पारिवारिक सम्बन्धमा मनमुटाव सिर्जना हुँदा घरको हतबाट हामफालेर ज्यान दिएको पनि घटना बाहिरिएका छन् ।

सरकारको लापरवाहीका कारण आज हजारौं सर्वसाधारणले अकालमै ज्यान गुमाइरहेका छन् । कोही आफ्नै शरीरमा पेट्रोल खन्याएर आत्मदह गरिरहेका छन् त कोही घरको छतबाट हामफालेर आत्महत्या गरिरहेका छन् । यता, सवारी दुर्घटनामा परेर ज्यान गुमाउनेको संख्या पनि उत्तिकै छ ।

अशिक्षा र सचेतनाको कमीका कारण आफ्नै बाबुबाट छोरी बलात्कृत भएको घटना पनि बाहिरिएका छन् । लागुऔषध, ठगीलगायत अपराजन्य क्रियाकलापमा संलग्न हुनेको संख्या दैनिक बढ्दो छ । वैदेशिक रोजगारीका लागि खाडी मुलुक गएकाहरू बाकसमा फर्किने क्रम पनि जारी नै छ ।  खाडी मुलुक पुगेका महिलामध्ये धेरै गर्भ बोकेर स्वदेश फर्कन्छन् । सो क्रममा घरपरिवार र समाजको डरका कारण उनीहरूले बच्चा जन्माएर कि त मारिन्छन् कि झाडीमा लगेर फ्याँकिदिन्छन् । अहिले पनि पेट्रोल पम्प व्यवसायीहरूले खुलेआम बोतलमा पेट्रोल बिक्री वितरण गरेका छन् ।

औषधि पसलहरूले पनि खुल्ला रूपमा विष बेचिरहेका छन् । घरधनीहरूले कोठाभित्र फ्यान राखिदिँदा मानिसहरूलाई आत्महत्या गर्ने बाटो मिलिरहेको छ । पछिल्लो समय पढेलेखेकासहित राजनीतिक दलका नेता, कार्यकर्ता, व्यवसायी, उद्योगी, कलाकारजस्ता व्यक्तिले समेत आत्महत्या गर्ने क्रम बढेको छ ।

एकतिर कतिपयले विवाह गर्ने गर्दैनन् । अर्कोतिर विवाह गरे पनि बच्चा पाउँदैनन् । पाए पनि एउटाभन्दा बढी पाउँदैनन् । अहिले जन्मिनेको संख्या घट्दो छ भने मृत्यु हुनेको संख्या दिनप्रति दिन बढ्दै गएको छ । यत्रो सर्वसाधारणले आत्महत्या गर्दा, दुर्घटनामा मुत्यु हुँदासमेत सरकार केही मतलब गर्दैन ।

किन मानिसहरूले आत्महत्या गरिरहेका छन् ? किन सवारी दुर्घटना बढ्दै गएको छ ? र, यसको समाधान के हो ? भनेर सरकार अध्ययन गर्दैन । सानो गल्ती गर्दा पनि सरकारले वर्षौंसम्म जेलमा थुनिदिन्छ । त्यो व्यक्ति अपराधी नभए पनि जेल बसेपछि अपराधीमा परिणत हुन्छ । अनि बाहिर निस्किएपछि उसको व्यवहारमा सुधार आउनुको साटो उल्टो गैरकानुनी कार्यमा संलग्न हुन्छन् ।

हाम्रो समाजमा जेल परेको व्यक्तिलाई बहिष्कार गर्ने, घृणा गर्ने प्रवृत्ति छ । समाजको डरका कारण घरपरिवारले समेत उसलाई बहिष्कार गर्छ । अनि समाज र घरपरिवारबाट तिरस्कार भएपछि त्यो व्यक्ति झनै गैरकानुनी कार्यमा संलग्न हुने गर्छ । सरकार भन्छन्, 'जेल परेपछि मानिस सुध्रिन्छ । तर, जेल परेको व्यक्ति पटक-पटक गैरकानुनी कार्यमा संलग्न भइरहेको घटना अहिले छ्यापछ्याप्ती छ ।'

अझै पनि मुलुकको अर्थतन्त्र ठूलो संकटमा फस्ने डर छ । यसले समाजमा थप विकराल समस्या ल्याउनसक्नेतर्फ सरकारले ध्यान दिएको देखिँदैन । यसतर्फ सरकार त जिम्मेवार बन्नुपर्‍यो नै सँगै राजनीतिक दल, नेता, सामाजिक अगुवा, अभियन्तालगायतले पनि भूमिका खेल्नुपर्ने टड्कारो आवश्यकता भइसकेको छ ।

**–रूषा थापा, भक्तपुर**

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# मनाङको तापक्रम माइनस २२ डिग्री सेल्सियस

**मनाङ–** हिमाली जिल्ला मनाङको तापक्रम दैनिकरूपमा घट्दै गएको छ । माघ लागेसँगै यहाँको तापक्रम घटेर माइनस २२ डिग्री पुगेको छ । दिउँसोको समयमा नै यहाँको तापक्रम माइनस १२ पुग्दछ । हिमपात कम भए पनि चिसो अत्यधिक बढेको छ ।

प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछानेका अनुसार मनाङमा माघ लागेसँगै तापक्रम घट्दै गएको हो । हिमपात कम भए पनि यहाँको तापक्रम मापन गर्दा अत्यन्त कम हुँदै गएको उनले बताए । जसका कारण यहाँको जनजीवन कष्टकर बन्दै गएको उनले बताए ।

प्रमुख जिल्ला अधिकारी लामिछानेले भने, 'चिसोले धारामा पानी जमेको छ । खोलानालामा पूर्णरूपमा पानी जमेको छ । हिउँ कम भए पनि यहाँको चिसोले ग्यास बलेको छैन । सवारीसाधनको आवतजावत न्यून छ । पिउने पानी जोहो गर्नै मुस्किल छ ।' चिसो पनि उसैगरी बढ्दै गएको उनले बताए । चिसो बढ्दै जाँदा यहाँका पूर्वाधार निर्माण मंसिरदेखि नै ठप्प भएको प्रजिअ लामिछानेले जानकारी दिए ।

मनाङको माथिल्लो क्षेत्रका बासिन्दा अहिले चिसो छल्न बाहिर गएको उनले बताए । अहिले सुरक्षा निकाय र स्वास्थ्य क्षेत्रबाहेक अन्य सेवा प्रवाहमा समेत सकस भएको उनले जानकारी दिए । उनले भने, 'अहिले सुरक्षा निकाय र सामान्य सेवाबाहेकका अन्य बन्दजस्तै नै छन् ।'पहिलो हिमपात हुनासाथ यहाँका शैक्षिक संस्था बन्द भएका छन् । शैक्षिक संस्था बन्द भएपछि यहाँका अधिकांश स्थानीय जाडो छल्न जिल्ला बाहिर गएका छन् । यहाँका स्थानीय लमजुङ, काठमाडौं, पोखरालगायतका स्थानतर्फ झर्ने क्रम जारी रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

पूर्वाधार कार्यालय मनाङका प्रमुख जय विष्टले भने, 'चिसो अत्यधिक छ । त्यसैले सिमेन्टजडित कार्य ठप्प भएको छ । योजनाको नापजाँच, परीक्षणको काम गरिरहेका छौं । अन्य कार्यालयसम्बन्धी कामलाई प्राथमिकता दिएर नै काम गरिरहेका छौं ।' विकास निर्माणमा प्रयोग हुने सिमेन्टजन्य काम पूर्णरूपमा रोकिएको छ । चिसोका कारण सिमेन्टसँग सम्बन्धित निर्माणको सेटिङ र हार्डिङ प्रक्रियामा समस्या हुने भएकाले यससम्बन्धी काम बन्द गरिएको विष्टले बताए ।

त्यस्तै चिसोका कारण मंसिरदेखि नै स्थानीय तल झरेपछि नार्पाभूमि गाउँपालिकामा रहेका दुई प्रहरी चौकी सदरमुकाम सारिएको प्रजिअ लामिछानेले जानकारी दिए । उनका अनुसार नार्पाभूमिका अत्यावश्यक कामकाजका लागि सदरमुकामस्थित चामे गाउँपालिका–३ कोतोमा अस्थायी कार्यालय स्थापना गरी सेवाप्रवाह भइरहेको छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) एकाइ कार्यालय मनाङका प्रमुख ढकबहादुर भुजेलले चिसोमा पनि न्यून मात्रामा पर्यटकको आगमन भइरहेको बताए । सिजनमा भन्दा पर्यटकको आगमन कम भए पनि आउने क्रम जारी रहेको उनले जानकारी दिए ।

उनले भने, 'बाटोमा केही मात्रामा हिउँ छ । हिउँ खेल्दै रमाउँदै पर्यटक थोरांला भञ्ज्याङ, तिलिचो तालतर्फ जाने आउने भइरहेको छ ।' पर्यटकलाई मौसमसम्बन्धी जानकारीका साथै बाटोमा हुनसक्ने जोखिमलाई मध्यनजर गरी यात्रा गर्न सुझाव दिँदै आएको उनले बताए ।

मनाङ डिस्याङ गाउँपालिका–५ झाकाका किसान सोनाम लामाले धेरैजसो गाउँले तल झरेका छन् । तर हामी घर कुर्ने र चौंरी हेर्न यहीँ बसेका बताए । उनले भने, 'चिसोमा माउ चौंरी र युवावस्थाका चौंरीलाई खुवाउन बचाउन सजिलै हुन्छ । तर चिसोमा बच्चालाई जोगाउनै मुस्किल हुन्छ । ठूला पशुचौपायले पानी, घाँस आफैं खोज्न सक्छन् । बच्चाले सक्दैनन् । जाडोमा यिनीहरूलाई ध्यान दिनुपर्छ ।'

'लामो समयसम्म हिमपात भयो भने अलिअलि जम्मा गरेर राखेको घाँस सकिन्छ । खान नपाई दुब्लाएर मर्ने गर्छ । जाडो भइरहेका बेला बच्चालाई भने गोठ बनाएर राखिन्छ । हिउँ बढी परे पनि ठूला भएका चौपायलाई हिउँमै छाड्नुपर्छ । जाडोमा घाँस कम हुँदा दूध पनि कम हुने हुँदा बच्चालाई मात्र ठिक्क हुन्छ । हामीले यो समयमा दूध दुहुँदैनौं,' उनले भने, 'लेकका खर्कबाट गाउँघर नजिक चौंरी ल्याइन्छ । नावर पनि चौंरीसँगै अलि तल नै झर्छन् । जसले गर्दा हिउँ चितुवा पनि चौपाय नजिकै आहाराका लागि आउने गर्दछन् । यसबाट जोगाउनकै लागि हामी यहाँ बस्नुपर्ने भएको हो ।'

यहाँ फागुनको पहिलो सातादेखि खेतीपातीको समय सुरू हुन्छ । जसले गर्दा बेँसीमा झारिएका गोठ लेकका खर्कतर्फ लैजाने गरिन्छ । हाल जिल्लाभर चार हजार ३९७ चौंरी रहेको भेटेरेनरी अस्पताल तथा विज्ञ केन्द्रका प्रमुख नरेन्द्र राईले जानकारी दिए । जाडो कम हुँदै गएपछि यहाँका स्थानीय पनि जिल्ला फर्कन थाल्दछन् । *रासस*

## भाइरल ज्वरोले मुगुमा तीन जनाको मृत्यु

**मुगु (प्रस)–** जिल्लाको सोरु गाउँपालिका–६ पुरुमुरु गाउँमा 'भाइरल' ज्वरोका कारण तीन जनाको मृत्यु भएको छ । भाइरल ज्वरोले ७२ वर्षीय हरिबहादुर शाही, ७५ वर्षकी कृति छन्त्याल र २४ वर्षीया कुसुम ढोलीको मृत्यु भएको सोरु गाउँपालिका–६ जिमा गाउँका कर्णजित बुमीले बताए ।

जिल्लाका पुरुमुरु, जिमा, भिईं, नार्थपु, सिप, ख्याल्च, वुम्चलगायत गाउँका सर्वसाधारण भाइरल ज्वरोले पीडित भएका छन् । जिल्ला अस्पताल बिरामीले भरिएका छन् । गाउँभर बिरामी छन् तर स्थानीय सरकारबाट कुनै किसिमको सहयोग नभएको उनले गुनासो गरे । विपन्न वर्ग उपचारको अभावमा छटपटाइरहेकाछन्।स्वास्थ्यचौकीमा सिटामोलसमेतनपाइनेअवस्थारहेको उनले बताए ।

यसैबीच, जिल्ला स्वास्थ्य कार्यालयले मंगलबार चिकित्सकसहितको टोलीबाट सोरु गाउँपालिका, पुरुमुरु र जिमा गाउँका १५० जनाभन्दा बढीको स्वास्थ्य परीक्षण गरेको जनाएको छ । जिल्ला अस्पतालका चिकित्सक कमल ढुंगानाले चिसोका कारण बिरामी बढेका बताउँदै 'भाइरल फिबर' नियन्त्रण हुन केही समय लाग्ने जानकारी दिए ।

---

नेपाल सरकार
## गृह मन्त्रालय
**सशस्त्र प्रहरी बल, नेपाल नं. ९ पशुपतिनाथ बाहिनी मुख्यालय बलम्बु, काठमाडौं**
(आर्थिक प्रशासन शाखा)

### सिलबन्दी दरभाउपत्र आह्वानको सूचना नं. APF/SQ/G/01/080/08181999

**सूचना प्रकाशित मिति :– २०८०/१०/१२ गते**

१. आ.व. २०८०/०८१ मा सशस्त्र प्रहरी बल, नेपाल नं. ९ पशुपतिनाथ बाहिनी मुख्यालयको लागि आवश्यक भएका देहाय बमोजिमको कन्सन्ट्रिना वायर सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले योग्य दरभाउपत्रदाताहरूबाट आपूर्तिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | दरभाउपत्र आव्हान सूचना | विवरण | परिमाण तथा इकाई | दरभाउपत्र फाराम दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | कै. |
|---|---|---|---|---|---|---|
| १. | APF/SQ/G/01/080/081 | कन्सन्ट्रिना वायर | दरभाउपत्र कागजातमा उल्लेख भए बमोजिम | १,०००/- | ३५,०००/- | |

२. दरभाउपत्रदाताले लिखित निवेदन साथ VAT/PAN दर्ता प्रमाणपत्र, नविकरण भएको फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गरी यस कार्यालयमा माथि तोकिएको दस्तुर (फिर्ता नहुने गरी) बुझाई मिति २०८०/१०/२७ गते कार्यालय समय भित्र उल्लिखित कन्सन्ट्रिना वायरको दरभाउपत्र सम्बन्धी कागजात यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

३. दरभाउपत्र साथ को.ले.नि.का. त्रिपुरेश्वर काठमाडौंको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय टेकु, स्थित धरौटी खाता नं. १७००१००१०२०३००००, यस बाहिनीको कार्यालय कोड नं. ३१४०५३५१२ मा तोकिएको दरभाउपत्र जमानत रकम नगदै जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको कुनै बाणिज्य बैंक वा बित्तीय संस्थाबाट यस बाहिनीको नाममा जारी भएको कार्य प्रयोजन खुलेको दरभाउपत्र जमानत पेश गर्नु पर्नेछ । सो को मान्य अवधि दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा दरभाउपत्रको मान्य अवधि (७५) दिन हुनु पर्नेछ ।

४. मिति २०८०/१०/२८ गते १२:०० बजे भित्र सिलबन्दी दरभाउपत्र दर्ता गरी सक्नु पर्नेछ । उल्लेखित समय भन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र अस्वीकृत गरिनेछ ।

५. सिलबन्दी दर्ता भएका दरभाउपत्रहरू मिति २०८०/१०/२८ गते १३:०० बजे आमन्त्रित प्रतिनिधिहरू, सम्बन्धित दरभाउपत्रदाता वा निजहरूको वारेश प्रतिनिधिहरू एवम्खोलुवा समितिको रोहवरमा यस बाहिनीमा खोलिनेछ । दरभाउपत्रदाताहरू वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

६. दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा सो सम्बन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिनेछ । यस्तो अवस्थामा दरभाउपत्र जमानतको मान्य अवधि भने साबिककै मिति देखि गणना गरिनेछ ।

७. सिलबन्दी दरभाउपत्रहरू पूर्ण वा आंशिक रूपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. दरभाउपत्र कागजातमा उल्लेख नभएका अन्य कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम र सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएको दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भए अनुसार हुनेछ ।

९. दरभाउपत्र सम्बन्धी थप जानकारीका निमित्त यस बाहिनीको फोन नं. ०१-४३११२८२ मा सम्पर्क गर्न सकिनेछ । साथै यो सूचना सशस्त्र प्रहरी बल, नेपालको ***website.www.apf.gov.np*** मा समेत हेर्न सकिनेछ ।

---


## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : GOLDEN MAX READY MIX CONCRETE COMPANY**
पुर्व स्वीकृति मिति २०८०/०८/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/११ | LT. No. 296214 | चलानी नं. ६०२११२९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 2 | 0 | 1800 | ६४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कम्पनी : ABDULLAH KHALED AL HINDI TRANSPORT CORPORATION**
पुर्व स्वीकृति मिति २०८०/०८/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/११ | LT. No. 295227 | चलानी नं. ६०२१०२०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 6 | 0 | 1800 | ६४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कम्पनी : GHIM KAAK FOR THE JUNK FOOD**
पुर्व स्वीकृति मिति २०८०/१०/११ | LT. No. 298773 | चलानी नं. ६०२१३७४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १९ गते (2nd Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रू. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np


---

Sudurpaschim Province Government
## Ministry of Physical Infrastructure Development
## Transport Infrastructure Directorate
**Infrastructure Development Office**
**Baitadi**

### INVITATION FOR BIDS

**IFB No: 02/2080-081**
***First Date of publication: 2080/10/12***

1. Infrastructure Development Office, Baitadi has received fund from ministry and invites following e- Bids from all eligible Nepalese Bidders for Construction & upgrading of following Road projects with detail as follows.
2. Bidders may obtain further information from office or inspect Bidding Documents at PPMO ***website www.bolpatra.gov.np.***

| SN | Contract Identification No: | Description of Work | Estimated Amount (NRS.) With PS [Excluding VAT & Contingencies] | Bid Security amount | Bid Security Validity Period | Cost of Bid |
|---|---|---|---|---|---|---|
| 1 | IDOBTD/NCB/W/R/13/080-081 | Construction of Thaligad (Dhap)-Nishil-Paunekhola-Dhuligada Sadak., Darchula | 42,82,708.70 | 115000.00 | Validity up to 120 days from the last date of bid submission | 3000.00 |
| 2 | IDOBTD/SQ/W/R/01/080-081 | Construction and Maintenance of Patan –Pancheswar Sadak .(0 to 1+500 section) | 17,03,575.96 | 40,000.00 | Validity up to 75 days from the last date of bid submission | 1000.00 |

**Office Chief**

---

**Samriddhi Finance** — Partnership for Prosperity
## समृद्धि फाइनान्स कम्पनी लिमिटेड
## Samriddhi Finance Company Limited
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था
**रजिष्टर्ड केन्द्रिय कार्यालय:** हेटौंडा १, मकवानपुर, फोन नं: ०५७-५२५१००/५२३२२९
E-mail: info@sfcl.com.np, Website: www.sfcl.com.np

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४**
**(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)**

### आ.व. २०८०/८१ को दोस्रो त्रैमासिक प्रतिवेदन

**(१) वित्तीय विवरण :**

(क) त्रैमासिक अवधिका वासलात, नाफा/नोक्सान सम्बन्धी विवरण :
आ.व. २०८०/८१ को दोस्रो त्रैमासिक अवधिको वित्तिय अवस्था सम्बन्धी विवरण मिति २०८०/१०/०८ को प्रभाव दैनिक पत्रिकामा प्रकाशित भैसकेको छ ।

(ख) कम्पनी प्रमुख वित्तीय अनुपातहरू :

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी वार्षिक: | रू. (५.२१) | प्रति शेयर कुल सम्पत्तिको मूल्य: | रू. २९०.८६ |
| मूल्य आम्दानी अनुपात: | (६०.२३) | तरलता अनुपात: | ३३.०३ प्रतिशत |
| प्रति शेयर नेटवर्थ: | रू. ७५.२८ | | |

**(२) व्यवसायीक विश्लेषण**

(क) २०८० साल असाढ मसान्तको तुलनामा यस त्रैमासमा निक्षेपमा १५.२८ प्रतिशतले कमी भएको, कर्जामा ८.६० प्रतिशतले कमी भएको र ४.५९ प्रतिशत रहेको निष्कृय कर्जा अनुपात ४.६८ प्रतिशत कायम भएको छ ।

(ख) विगतका अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्ने कुनै घटना अवस्था आदी नभएको ।

**(३) कानूनी कारवाही सम्वन्धी विवरण**

(क) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

(ख) कुनै संस्थापक वा सञ्चालक विरूद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर नभएको ।

(ग) ऋण असुली सँग सम्बन्धित मुद्दाहरू अदालतमा विचाराधिन रहेको ।

**(४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

(क) यस संस्थाको शेयर मूल्य धितोपत्र बजारको नीति नियम अनुसार खुला बजारले निर्धारण गर्ने गरेको र सोही अनुसार नै कारोबार हुने गरेको छ ।

(ख) यस अवधिको शेयर कारोबार देहाय बमोजिम रहेको छ ।

**शेयरको अधिकतम मूल्य** : रु. ३२२ | **शेयरको न्यूनतम् मूल्य** : रु. २५४
**अन्तिम मूल्य** : रु. ३१४ | **कारोबार भएको कुल दिन** : ४९
**कारोबार संख्या** : ४,७७९ | **शेयर संख्या** : ८,८९,४७८

**(५) समस्या तथा चुनौती**

संस्थालाई नेपालको वित्तीय बजारमा एक सबल वित्तीय संस्थामा परिणत गर्न विद्यमान मानव संसाधन तथा अन्य साधनहरूको यथोचित व्यवस्थापन गरी कूशलतापूर्वक अघि वढ्नु पर्ने स्थिति रहेको छ । यसका लागि आई पर्ने समस्या तथा चूनौती समाधानका उपायहरू बारे संस्थाले समय समयमा समीक्षा गरी रणनीती समेत बनाई सोको सहजिकरणको उपाय अबलम्बन गर्ने गरेको छ ।

**समस्या र चुनौती :**
- समग्र अर्थतन्त्रमा देखिएको नैरास्यता
- बैंक तथा वित्तिय संस्थाहरू बीच कायम तिब्र प्रतिस्पर्धा
- नीति नियममा हुने परिवर्तनले व्यवसायमा पर्ने अल्पकालिन तथा दिर्घकालिन प्रभाव
- शाखा सञ्जालमा कमि तथा दक्ष जनशक्तिहरूको अभाव
- बैंकिङ्ग व्यवसायमा देखिएको तरलताको अभाव
- कर्जा असुलीमा देखिएका चुनौतीहरू

विद्यमान चुनौती तथा आइपर्ने समस्या समाधानका उपायहरूबारे व्यवस्थापन तथा संचालक समितिले समय समयमा समिक्षा गरी रणनिति बनाई सोको निराकरणको उपाय अवलम्वन गरी सोहि अनुसार गरिएको छ ।

**(६) संस्थागत सुशासन :**

संस्थागत सुशासन अभिबृद्धिका लागि आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित र प्रभावकारी गर्न आन्तरिक लेखापरिक्षक मार्फत नियमित लेखापरिक्षण सम्पन्न भैरहेको तथा लेखापरिक्षकबाट दिइएका सुझाव तथा निर्देशनहरू व्यवस्थापन मार्फत कार्यान्वयन भई रहेको छ । संस्थामा अनुपालना विभाग गठन गरि नियमित रूपमा कार्यहरू भैरहेको छ । साथै गैर कार्यकारी संचालकको मातहतमा रहने गरी लेखा परिक्षण, जोखिम व्यवस्थापन, सम्पति शुद्धिकरण र कर्मचारी सेवा सुविधा जस्ता उपसमितिहरू गठन गरिएको छ । वित्तिय संस्थाको संचालन जोखिम कम गरी कारोवारलाई छिटो छरितो र वैज्ञानिक बनाउने उदेश्यले संचालक तथा व्यवस्थापक तहका विभिन्न समितिहरू गठन गरी कार्यान्वयन पक्षमा सुधार गरिएको छ । आन्तरिक सुशासन व्यवस्थापन गरी कर्मचारीको समग्र वृत्ति विकास र कार्यदक्षतालाई प्रभावकारी बनाउन उपसमिति गठन गरी आवश्यकता अनुसार कार्यहरू समिक्षा गर्ने व्यवस्था गरीएको छ । नेपाल राष्ट्र बैंकवाट समय समयमा प्राप्त निर्देशनलाई कडाईका साथ पालना गरिएको छ ।

**(७) सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरू सु-सूचित गर्न तथा निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाईएका छैनन् ।

प्रमुख कार्यकारी अधिकृत

---


## OMAN मा रोजगारको सुवर्ण अवसर

COMPANY : **TAWOOS INDUSTRIAL SERVICES COMPANY SAOC,** OMAN
पूर्व स्वीकृती मिति : २०८०/१०/११ | LT No.: 298779 | च.नं. : ६०२१३७५४

| सि.नं. | कामदारको पद | माग-संख्या पुरुष | माग-संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Public Building | 40 | 0 | 100 | ३८,५९९ | कम्पनीको नियमानुसार | ८-घण्टा | ६-दिन | कम्पनीको नियमानुसार | छ | छ | २-वर्ष |
| 2 | Cook–General | 15 | 0 | 150 | ५१,८९९ | | | | | | | |
| 3 | Dish Washer | 15 | 0 | 120 | ४१,५१९ | | | | | | | |
| 4 | Waiter | 15 | 0 | 140 | ४८,४३९ | | | | | | | |
| 5 | Baker-General | 5 | 0 | 180 | ६२,२७८ | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिजा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्यानकारी कोषसम्बन्धि व्यवस्था रू. १,५००/- कामदार आफैंले सेवा नि: शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्यरुपमा लिनु होला । (२) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । (४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनुहोला । (५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ (एक) प्रति आफूसँग राख्नुहोला । (६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**कन्टिनेन्टल मर्कन्टाईल प्रा.लि.**
रानीबारी–०३, सामाखुशी, काठमाण्डौं, नेपाल
Lic: 587/62/63
फोन : 01-4987171, 01-4986792


---


## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : MAGNUM SECURTIY SERVICES**
पूर्व स्वीकृति मिति २०८०/१०/११ | LT. No. 298801 | चलानी नं.६०२१३७५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1200 | ४३,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: कास्की, पोखरा, बाजेको सेकुवामा मिति: २०८० माघ १९ गते (2nd Feb. 2024) मा हुनेछ ।**
**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २० गते (3rd Feb. 2024) मा हुनेछ ।**
**अन्तरवार्ता हुने स्थान: रुपन्देही, तिलोतमा, गोपीकृष्ण मिठान भण्डार बिल्डीङ, तेस्रो तला ममा मिति: २०८० माघ २१ गते (4th Feb. 2024) मा हुनेछ ।**
**अन्तरवार्ता हुने स्थान: झापा, बिर्तामोड, सिटी होटलमा मिति: २०८० माघ २२ गते (5th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Avion Human Resource Management Pvt. Ltd.**
Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal.
Tel No.: +977 1 4599632, 4584744 Fax: +977-1-4479363, 9801000591, 9801000591
Email: avionhumanrm@gmail.com., Website: www.avionhrm.com.
श्रम इजाजत नं. १५२४/०७४/७५

प्रभाव दैनिक

रूपशाला

## ‘मोदिबेनी’बाट कमब्याक गर्दै रेजिना

अभिनेत्री रेजिना उप्रेतीले फिल्ममा कमब्याक गर्ने भएकी छन् । शंकर कोइरालाको निर्देशन रहने फिल्म ‘मोदिबेनी’बाट उनले फिल्ममा कमब्याक गर्न लागेकी हुन् । उनी पछिल्लो फिल्म ‘वरदान’मा देखिएकी थिइन् । हाल कार्यशालामा रहेको यस फिल्मबाट अभिनेताको रूपमा अमर प्रताप श्रेष्ठले डेब्यु गर्दैछन् । ओजस थियटरमा दुई वटा नाटकमा प्रमुख भूमिकामा अभिनय गरेका श्रेष्ठले केही विज्ञापन तथा ‘प्रितको रित’ नामक वेब सिरिज अभिनय गरेका छन् । केसीको उप्रेतीसँग जोडी हुनेछ । अभिनेता सरोज खनालको समेत मुख्य भूमिका रहने फिल्ममा अमर, सरोज, रेजिनाको अलवा केकी अधिकारी, दिलीप रायमाझी, कमलमणि नेपाल, जीवन भट्टराई, सरोज अर्याल, अनामिका लामिछाने, स्नेह भट्टराई, लाबिस लगायतको अभिनय रहनेछ ।





# ट्रेलर यस्तो देखियो फिल्म ‘गोर्खा वारिअर’



■ प्रभाव संवाददाता

**काठमाडौं–** केही अगाडि लन्डनमा वर्ल्ड प्रिमिएर भएको फिल्म ‘गोर्खा वारिअर’ नेपालमा भने आगामी फागुन ११ गतेदेखि सार्वजनिक प्रदर्शनमा आउँदै छ । निर्माण युनिट यतिबेला फिल्मको प्रचार प्रसारमा छ ।

यस्तैमा बिहीबार फिल्मको ट्रेलर सार्वजनिक भयो । राजधानीमा आयोजित एक कार्यक्रमका बिच ट्रेलर सार्वजनिक गरिएको ट्रेलरमा मलायामा गोर्खालीले लडेको साहसी युद्ध देखाइएको छ । साढे दुई मिनेट लामो ट्रेलरले गोर्खा सैनिकको वीरता बोल्छ ।

मिलन चाम्स निर्देशित फिल्ममा रितेश चाम्स, विजय लामा, रेबिका गुरुङ, शिशिर बाङ्देल, कविता आले, रियर राई, विरूप घलेको मुख्य भुमिका छ । फिल्म नेपाली, हिन्दी, अंग्रेजी र कोरियन गरेर ४ भाषामा रिलिज हुनेछ । फिल्मको हिन्दी संस्करणमा ‘केजीएफ’का सचिन गोलेले स्वरांकन गरिरहेका छन् । दोस्रो विश्वयुद्धको क्रममा सन् १९४९ मा भएको मलाया युद्धमा गोर्खा सैनिकले लडेको वीरतापूर्ण लडाइँको कथा र त्यसले युद्धमा लड्ने शैनिकको परिवारमा पारेको प्रभाव फिल्ममा चित्रण गरिएको छ । सिनेआई प्रोडक्सनको प्रस्तुतिमा चाम्स इन्टरटेनमेन्टले निर्माण रहेको फिल्मका निर्माता सुमन राई, सुस्मिता र ज्योतीराज राई हुन् ।

कार्यक्रममा निर्देशक मिलन चाम्सले नेपाली फिल्मलाई ‘गोर्खा वारिअर’ मार्फत आफूले विश्वमा चिनाउने प्रयास गरेपनि फिल्मकर्मीबाट साथ र सहयोग नपाएको गुनासो गरे । उनले ‘गोर्खा वारिअर’ नेपालीमा बनेको फिल्ममा अहिलेसम्मकै उत्कृष्ट भएको दाबी गरे । फिल्मले सबै नेपालको मन छुनेमा आफू विश्वस्त रहेको उनको सुनाए ।

त्यस्तै अभिनेता रितेश चाम्सले फिल्म अभिनयका लागि ८ बर्ष मिहिनेत गरेको बताए । उनले फिल्मले नेपालीको साहसिक कथा भनेकोले सबैले हेरेर साथ दिनुपर्ने धारणा राखे । रितेश यसै फिल्म मार्फत अभिनयमा डेब्यु गरेका हुन् । उनले ‘गोर्खा वारिअर’ जस्तो ऐतिहासिक फिल्मबाट डेब्यु गर्न पाउनु आफ्नो भाग्य रहेको सुनाए ।

## रंगशाला

## सूर्य नेपाल इस्टर्न ओपन

# दोस्रो दिन पनि शुक्रलाई अग्रता




■ प्रभाव संवाददाता

**काठमाडौं–** धरानमा जारी सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गतको तेस्रो प्रतियोगिता सूर्य नेपाल इस्टर्न ओपनको दोस्रो दिन बिहीबार पनि नेपालका नम्बर एक गल्फर शुक्रबहादुर राई आफ्नो अग्रता कायमै राखेका छन् ।

प्रतियोगिताको दोस्रो दिन उनले एक ओभर ७१ स्कोर गरे । उनले समग्रमा दुई अन्डर एक सय ३८ अंकसहित निरज तामाङलाई एक स्ट्रोकले पछि पारेका छन् । धरान गल्फ क्लबमा जारी प्रतियोगितामा साविक विजेता शुक्रलाई कडा चुनौती दिँदै निरजले एक ओभर ७१ मा दोस्रो दिनको खेल टुङ्ग्याए ।

निरजले समग्रमा एक अन्डर एक सय ३९ स्कोर गरेका छन् । पूर्वनम्बर एक प्रो भुवन नगरकोटीले दुई ओभर ७२ अंकसहित समग्रमा दुई ओभर एक सय ४२ को स्कोर तयार पारेका छन् । उनी तेस्रो स्थानमा उक्लिए । उनी एमेच्योर गल्फर युवराज भुजेलसँगै संयुक्त रूपमा तेस्रो स्थानमा छन् ।

समग्रमा चार ओभर एक सय ४४ को स्कोरमा रवि खड्का, राजेन राई र भुवनकुमार रोक्काले संयुक्त रूपमा चौथो स्थान बाँडे । तीनै खेलाडीले बिहीबार एक अन्डर ६९ को स्कोर कार्ड बनाए । समग्रमा ६ ओभर एक सय ४६ अंकसहित धनबहादुर थापा र रामे मगर संयुक्त रूपमा सातौं स्थानमा रहे । धनले बिहीबार दुई ओभर ७२ र रामेले पाँच ओभर ७५ मा खेल टुङ्ग्याए । सञ्जय लामा, सूर्यप्रसाद शर्मा र दीपक मगरले समग्रमा सात ओभर एक सय ४७ स्कोर गर्दा संयुक्त रूपमा नवौं स्थानमा रहेका छन् । सञ्जय र सूर्यले बिहीबार दुई ओभर ७२ मा खेला टुङ्ग्याए । दीपकले भने चार ओभर ७४ को नतिजा निकाले ।

हालसम्म ३६ होलको समाप्तिमा १४ ओभर एक सय ५४ स्कोर गर्ने २१ प्रो र पाँच एमेच्योरले कट बनाउँदै अन्तिम १८ होलको प्रतिस्पर्धामा स्थान सुरक्षित गरेका छन् । प्रोहरू देउराज पाखिन, सबिन सापकोटा, दिनेश प्रजापति, बलभद्र राई, जयराम श्रेष्ठ, प्रदीप कुमार लामा, रमेश अधिकारी, पशुपति शर्मा, दलबहादुर लामा र सुमन सापकोटाले कट बनाएका छन् ।

एमेच्योरतर्फ युवराज भुजेल शीर्ष स्थानमा रहेका छन् । उनले बिहीबार तीन ओभर ७३ मा खेल टुङ्ग्याए पनि समग्रमा दुई ओभर एक सय ४२ को स्कोरमा गजेन्द्र गुरुङलाई तीन स्ट्रोकले पछि पारे । समग्रमा पाँच ओभर एक सय ४५ स्कोर गरेका गजेन्द्रले दोस्रो दिनको खेल एक ओभर ७१ मा पुरा गरे । कुल ८ लाख ४० हजार नगद पुरस्कार राशि रहेको उक्त प्रतियोगिताको विजेताले एक लाख ४० हजार, दोस्रोले ९६ हजार र तेस्रो हुने खेलाडीले ७२ हजार रूपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन् । साथै उत्कृष्ट २१ मा पर्न सफल प्रो गल्फरले पनि नगद पुरस्कार हात पार्नेछन् ।

# मण्डलामा ‘मासिन्या’



**काठमाडौं–** थापागाउँस्थित मण्डला थिएटरमा नाटक ‘मासिन्या’ को प्रदर्शन शुरु भएको छ । बुधबार विशेष मञ्चन गरिएको नाटकको बिहीबारबाट नियमित शुरु भएको हो ।

बुधबार साहित्य, कला, संगीत,राजनीति र सञ्चार क्षेत्रका व्यक्तित्वहरूको उपस्थितिमा नाटकको विशेष मञ्चन गरिएको थियो । नाटकमा विशेषत: तामाङ समुदायले भोग्दै आएको उत्पीडननको कथालाई प्रस्तुत गरिएको छ । त्यसैमा समुदायको जीवनपद्धति, संस्कृति, लय र परिवेशहरू देख्न सकिन्छ ।

तामाङ समुदायमाथि गरेको विभेद र अत्याचारको जीवन्त प्रस्तुत नाटकमा रहेको विशेष मञ्चनमा सहभागी लोकतान्त्रिक समाजवादी पार्टीका वरिष्ठ नेता राजेन्द्र महतोले बताए । ‘यो नाटक मात्र होइन पीडा हो । यसलाई युवा पिढीले बुझ्नुपर्यो’, उनले भने, ‘यस्तो पीडाको विरुद्धमा संघर्ष गर्नुभन्दा अरु उपाय नै छैन । यो देशभरी देखाउनुपर्छ र आफ्नो अधिकार पहिचानको लागि संघर्ष गर्नुपर्छ ।’ उनले तामाङ समुदायमाथि मासिन्या भनेर राज्यले गरेको विभेद प्रायोजित व्यवहार रहेको समेत धारणा राखे । उनका अनुसार आफ्नो समुदाय र नागरिकलाई नाटकजस्तो माध्यम नै जनचेतना बढाउने उपाय हो ।

नाटकले सडकमा उभिएर आन्दोलन र भाषण गरेभन्दा पनि शक्तिशाली सन्देश दिएको तर्क गर्दै आदिवासी अभियन्ता आङकाजी शेर्पाले सम्पूर्ण तामाङ समुदाय र विश्वभर आदिवासी माझ यसलाई पुऱ्याउन आव्हान गरे । उनले भने, ‘यो हाम्रो उत्पीडनको कथा हो । यही कुरा राज्यले बुझेको भए आज सडकमा आन्दोलन गर्नुपर्ने अवस्था आउने थिएन । नाटकका यी दृश्यहरू भाषणभन्दा शक्तिशाली छ । यसलाई प्रत्येक तामाङ बस्तीमा लानुपर्छ ।’

ताम्सालिङ संघर्ष समितिका सदस्य सचिव तथा नेपाल तामाङ घेदुङका अध्यक्ष मोहन गोले तामाङले नाटकलाई अभियानकै रूपमा सम्भव भएसम्म सातै वटा प्रदेशमा पुऱ्याउने सुनाए ।

राजु स्याङ्तान, लक्ष्मी रुम्बा र राबतको लेखन रहेको नाटकको परिकल्पना तथा निर्देशन बुद्धि तामाङ र सोनाम लामाले गरेका छन् । नाटक माघ २८ गतेसम्म मञ्चन जारी रहनेछ । नाटकमा रूपेश तामाङ, रोहनी लामा, सुनिल तामाङ, विष्णु मोक्तान, रमिला मोक्तान, रविन दोङ, विकास लामा, इंगीहोपो कोइँच सुनुवार, शीतल थोकर, विजय नेपाल, निर्मल साउद लगायतका कलाकारहरूको अभिनय रहेको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८०/१०/१२

यस कम्पनीको मिति २०८०/०९/२३ मा सम्पन्न बार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **ब्लाक स्ट्रिट बार प्रा.लि. (प्रा.लि. नं. ३१६८७६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०९/२५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सेभेन्टी फाइव बार प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## गोलिया काठ लिलाम बिक्री सम्बन्धी सूचना

**(प्रकाशित मिति:-२०८०/१०/१२)**

यस श्री पुष्पाञ्जली सामुदायिक वन उपभोक्ता समूह, दुधौली न.पा.-१३, सिन्धुलीबाट आव २०७९/०८० मा उत्पादन भै समूह क्षेत्र दुधौली न.पा.-१३ मा घाटगद्दी गरी राखिएको विभिन्न लटको साल, असना जातको गोलिया थान ८६ को कुल ११६३.६० क्युफिट गोलिया काठ व्यापारिक प्रयोजनकालागि बिक्री वितरण गर्नुपर्ने भएकोले काठ दाउरा जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उधोगहरूले यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२औं दिनमा मध्यान्ह १२:०० बजे सम्म सिलबन्दी बोलपत्र पेशगर्न अह्वान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री पुष्पाञ्जली सामुदायिक वन उपभोक्ता समूह**
**दुधौली न.पा.-१३,सिन्धुली**

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/१०/१२ गते)

टिका दत्त सापकोटाको नाती भागीरथ सापकोटाको छोरा मकवानपुर जिल्ला, हेटौडा नगरपालिका वडा नं १६ बस्ने बलराम शर्मा सापकोटाको मिति २०८०/०४/३२ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको हेटौडा शाखामा रहेको खाता नं. ०५८००५४२२७३००००१ र ०५८००५४२२७३००००२ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरा सुदेश सापकोटाले यस बैंकको हेटौडा शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय हेटौंडामा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय हेटौंडा फोन नं. ०५७-५२४१४३

## भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति:
२०४३ असार २ गते

स्वर्गारोहण मिति :
२०७९ माघ १२ गते

**स्व. श्यामबाबु राउत**

**यस प्रभाव पब्लिकेसन प्रा.लि.**मा रेभिन्यू तथा सर्कुलेसन प्रमुखको रूपमा कार्यरत **स्व. श्यामबाबु राउत**को मिति २०७९ माघ १२ गते असामयिक निधन भएको प्रथम बार्षिक पुण्य तिथीका अवसरमा उहाँले प्रभाव दैनिक पत्रिकामा पुऱ्याउनु भएको योगदानको स्मरण गर्दछौं । यसै अवसरमा उहाँको आत्माको चीरशान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकूल परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी भगवान्सँग प्रार्थना गर्दछौं ।

**श्री कृष्णबहादुर कार्की**
**प्रबन्ध निर्देशक**

**श्री लालसरा राई**
**अध्यक्ष**

एवम्

**प्रभाव पब्लिकेसन प्रा.लि. परिवार**
**सिफल, काठमाडौं, फोन नं.-०१-४३७३५७७, ०१-४५८४३६८**

## कतार/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: SWIFT HANDY HOSPITALITY SERVICES
पूर्व स्वीकृति मिति २०८०/०३/०७ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/११ LT. No.288161 चलानी नं. ६०२०३४७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Specialist | 5 | 0 | 4200 | १५०,३६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Market Manager | 1 | 0 | 5700 | २०४,०७० | | | | | | | |
| 3 | Waitress | 0 | 16 | 1400 | ५०,१२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १३ गते (27 Jan. 2024) मा हुनेछ ।

कम्पनी: SHAMS ALWAFA HOSPITALITY SERVICES CO. LLC
पूर्व स्वीकृति मिति २०८०/०३/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/११ LT. No.288940 चलानी नं. ६०२०४२८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 40 | 1300 | ४७,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १९ गते (2nd Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OZONE OVERSEAS SERVICE PVT. LTD.
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : JJ ECO FRIENDLY SDN BHD
पूर्व स्वीकृति मिति : २०७९/०६/२७ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/११ LT. No. 273304 चलानी नं. : ६०२१०३६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 17 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

कम्पनी : KIMMU TRADING SDN BHD
पूर्व स्वीकृति मिति : २०७९/०९/१९ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/११ LT. No. 278756 चलानी नं. : ६०१९४४२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 28 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १९ गते (2nd Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Himalayan Human Resources Nepal Pvt. Ltd.
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4954342,
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com
श्रम ईजाजत नं. ४५१/०६०/०६१

# गाजास्थित संयुक्त राष्ट्रसंघीय प्रशिक्षण केन्द्रमा आक्रमण, नौ जनाको मृत्यु

**गाजा–** गाजाको प्रमुख दक्षिणी सहर खान युनिसस्थित संयुक्त राष्ट्रसंघको प्रशिक्षण केन्द्रमा बुधबार आक्रमण गरी आगो लगाइएको छ । घटनामा परी नौ जनाको मृत्यु भएको संयुक्त राष्ट्रसंघका अधिकारीले बताएका छन् ।

गाजामा प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्रसंघ राहत तथा योजना निकायका एजेन्सीका निर्देशक थोमस ह्वाइटले सामाजिक सञ्जाल एक्स (ट्वीटर)मा जनाएअनुसार ८०० जना मानिस बसोबास गरिरहेको भवनमा गोलाबारी भएको थियो । आक्रमणमा नौ जनाको मृत्यु भएको छ भने अन्य ७५ जना घाइते भएका छन् ।

युएनआरडब्ल्युए र विश्व स्वास्थ्य संगठनका उद्धार टोलीहरू उद्धारको लागि केन्द्रमा पुग्ने प्रयास गरिरहेको उनले बताए । खान युनूसको पश्चिमी क्षेत्रमा इजरायली बम विष्फोटले प्रशिक्षण केन्द्रमा ठूलो आगलागी निम्त्याएको प्रत्यक्षदर्शीहरूले बताएका छन् ।

आगलागीले भवनको ठूलो भागमा क्षति पुगेका कारण धेरै मृतक तथा घाइते व्यक्तिलाई केन्द्रभित्रबाट बाहिर सार्नुपरेको उनले बताए । इजरायली सेनाले लगाएको घेराबन्दीका कारण एम्बुलेन्स र मेडिकल टोलीहरू जलिरहेको प्रशिक्षण केन्द्रमा पुग्न नसकेको प्रत्यक्षदर्शीहरूले बताएका छन् ।

प्यालेस्टिनी विदेश मन्त्रालयले प्रशिक्षण केन्द्रमा भएको गोलाबारीको निन्दा गरेको छ । युएनआरडब्ल्युएका संस्था, कर्मचारी, विद्यालय, आश्रय र उपकरणहरूलाई इजरायलले सुनियोजित रूपमा आक्रमण गरेको मन्त्रालयले बताएको छ । गएको २४ घण्टामा इजरायली सेनाले गरेको २४ वटा आक्रमणमा २१० प्यालेस्टिनीको मृत्यु भएको छ । आक्रमणमा अन्य ३८६ जना घाइते भएका छन् ।

सन् २०२३ अक्टोबर ७ देखि सुरू भएको आक्रमणजन्य घटनाका कारण २५ हजार ७०० प्यालेस्टिनीको मृत्यु भइसकेको छ । आक्रमणमा घाइतेहरूको कूल संख्या ६३ हजार ७४० पुगेको छ । *रासस/सिन्ह्वा*

# चीनमा पाण्डाको संख्या १९ सयको हाराहारीमा

**बेइजिङ–** चीनमा पाण्डाको संख्या एक हजार ९०० को हाराहारीमा पुगेको राष्ट्रिय वन तथा घाँसे मैदान प्रशासनले बिहीबार जनाएको छ । सन् १९८० को दशकमा एक हजार १०० पाण्डा रहेकोमा अहिले एक हजार ९०० को हाराहारीमा रहेको चिनियाँ प्रशासनले जनाएको छ ।

जाइन्ट पाण्डा राष्ट्रिय निकुञ्जका कर्मचारी झाङ युले भने, 'पाण्डाको यो उल्लेखनीय वृद्धिको मुख्य कारण चीनको तीव्र सुरक्षा प्रयास हो ।' पाण्डा संरक्षणका लागि अक्टोबर २०२१ मा जाइन्ट पाण्डा राष्ट्रिय निकुञ्जको स्थापना गरिएको थियो । 'निकुञ्जले २२ हजार वर्ग किलोमिटरभन्दा बढीको क्षेत्र ओगटेको छ र यसले करिब ७२ प्रतिशत जंगली विशाल पाण्डालाई महत्त्वपूर्ण सुरक्षा प्रदान गर्दछ,' झाङले भने ।

सन् २०१२ देखि अहिलेसम्म विशाल पाण्डाको वासस्थानको संरक्षित क्षेत्र १३ लाख ९० हजार हेक्टरबाट बढेर २५ लाख ८० हजार हेक्टर पुगेको छ, जसले जंगली पाण्डाको जनसंख्याको सुरक्षा र दिगो विकासलाई प्रभावकारी रूपमा कायम राखेको प्रशासनको तथ्यांकले देखाएको छ । *रासस/सिन्ह्वा*

## कुमाख गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
रागेचौर सल्यान

कर्णाली प्रदेश, नेपाल

### शिलबन्दी दरभाउपत्र स्वीकृतको आशय पत्र सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८०/१०/१२ गते**

यस कुमाख गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०८०/०८/१९ गते मध्यान्ह दैनिक पत्रिका र गाउँपालिकाको वेबसाईट www.kumakhmun.gov.np मा र मिति २०८०/०९/०५ गते पूनः प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरू मूल्यांकन हुँदा तपशिलमा उल्लेखित बोलपत्र/दरभाउपत्र दाताको बोलपत्र न्यूनतम मूल्यांकिंत सारभूत रूपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम र सोहि दफाको उपदफा ३ को प्रयोजनार्थ शिलबन्दी दरभाउपत्र स्वीकृतीको लागी मूल्यांकन समितिको मिति २०८०/१०/१० गतेको बैठकबाट सिफारिस भई आएकोले सम्बन्धित दरभाउपत्र/बोलपत्रदाताहरूको बोलपत्र स्वीकृतीको लागी छनौट गर्ने आसयको सात (७) दिने सूचना सम्बन्धित सवैको जानकारीको लागी प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | बोलपत्र स्वीकृतको लागि छनौट भएका बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|
| KRM-NCB-TB-07/2080/081 | Procurement of steel part of Bhandarikhola Truss Bridge. | श्री जुनकिरी इण्डट्रिज प्रा.ली. १० बुटवल । | १५६३८३३.३५ | |
| KRM-NCB-TB-06/2080/081 | Procurement of steel part of Thapachaur Truss Bridge. | श्री जुनकिरी इण्डट्रिज प्रा.ली. १० बुटवल । | १३८४२२६.२९ | |

छविलाल खड्का
नि.प्रमुख प्रशासकीय अधिकृत

## दोधारा चादनी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दोधाराचाँदनी, कञ्चनपुर

सुदुरपस्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८०।१०।१२)

यस कार्यालयबाट मिति २०८०।०९।०२ गते राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरुको मुल्याङ्कन गर्दा तपसिल बमोजिमका बोलपत्रहरु न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई मल्याङ्कन समितिबाट स्वीकृतको लागि सिफारिस भै आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | ठेक्का नं. | कामको बिवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक (मु.अ.क बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | १३/२०८०/०८१ | बुढाथोकी खल्ला देखि माहाबिर धामीदेखि विष्ट चौराहा सडक कालोपत्रे निर्माण योजना, वडा नं ०२ | श्री न्यु हुनैनाथ निर्माण सेवा, दो.चा.न.पा ०२ कंचनपुर | १७,८६,७५०।४५ | |

नि. प्रमुख प्रशासकिय अधिकृत


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : OMETICK TOOLING SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/१०/११ LT. No. 298743 चलानी नं. ६०२१३७२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १९ गते (2nd Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १४६५/०७४/०७५

**Ever Bright Overseas Pvt.Ltd.**

Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759, Mob No: ±9779802326432
Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INFOTECH FOR EMPLOYMENT-SOLE PROPRIETORSHIP

पूर्व स्वीकृति मितिः २०७९/१०/२९ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/११ LT No.280820 चलानी नं ६०१९६४३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Laborer | 38 | 0 | 800 | २८,७३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Steel Fixer | 50 | 0 | 1200 | ४३,०९५ | | | | | | | |
| 3 | Construction Carpenter | 50 | 0 | 1200 | ४३,०९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १९ गते (2nd Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७५१/०६४/०६५

**Dubai Overseas International Pvt. Ltd.**

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SYRIAN AL KHALEEJ TRADING EST.

पूर्व स्वीकृति मिति २०८०/१०/११ LT. No. 298802 चलानी नं.६०२१३७४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PLUMBER | 1 | 0 | 1400 | ४९,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १९ गते (2nd Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 267/058/059

**ARANIKO OVERSEAS PVT. LTD.**

Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658,Email: infoaraniko267@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAHD ABDULAZIZ AL-OHALI AND PARTNERS COMPANY LIMITED

पूर्व स्वीकृति मिति २०८०/१०/१० LT. No. 298728 चलानी नं. ६०२१३७०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 2 | 0 | 1200 | ४२,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १९ गते (2nd Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः१०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : A CAFÉ ON THE SIDE SERVES DRINKS

पूर्व स्वीकृति मिति २०८०/१०/१० LT. No. 298649 चलानी नं. ६०२१३७११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kiosk Seller | 1 | 0 | 1200 | ४२,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १९ गते (2nd Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११८४०० | प्रति तोला – ११७८५० | प्रति तोला – १३८० |



**भेडाको बथान** | म्याग्दीको धवलागिरी गाउँपालिका-५ काफलडाँडाको फाँटमा बसेका भेडाको बथान । घुम्ती गोठमा गरिने भेडापालनमा भेडाहरूलाई रातमा समेत खुला चौरमा समुहमा राख्ने गरिन्छ । *तस्बिर: कमल खत्री/रासस*

# तनहुँ जलविद्युत्‌को २८ सुरुङ खनियो

■ प्रभाव संवाददाता

**दमौली (तनहुँ)–** एक सय४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको हालसम्म २८ वटा सुरुङ खन्ने काम सकिएको छ । ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन आयोजनाको प्याकेज एक र प्याकेज दुईतर्फ गरी कुल २८ वटा सुरुङ खन्ने काम सकिएको हो । प्याकेज एकतर्फ १० वटा तथा प्याकेज दुईतर्फ १८ वटा सुरुङ खनिएको आयोजना प्रमुख राजभाइ शिल्पकारले जानकारी दिए । त्यस्तै प्याकेज एकतर्फ दुईवटा र प्याकेज दुईतर्फ एउटा सुरुङ खन्ने काम जारी छ । एक हजार चार सय ५६ मिटरको हेडरेस सुरुङमध्ये हालसम्म एक हजार दुई सय २० मिटर सुरुङ खनिसकिएको छ भने बाँकी खन्नेकार्य जारी रहेको आयोजनाले जनाएको छ ।

सोही प्याकेजअन्तर्गतको विद्युत्‌गृह कङ्क्रिटिङ, ट्रेलरेस कङ्क्रिटिङ, केबल सुरुङ कङ्क्रिटिङ, ड्राफ्ट ट्युव सुरुङ कङ्क्रिटिङको काम चलिरहेको आयोजनाले जनाएको छ । आयोजनाको प्याकेज दुईअन्तर्गत नै हाइड्रोमेकानिकल कार्यअन्तर्गत ठाडो सुरुङमा पेनस्टक पाइप जडान काम भइरहेको छ । हालसम्म दुई सय १२ दबमलव तीन सय नौ मिटरमध्ये एक सय पाँच दशमलव २० मिटर पाइप जडान गरिएको आयोजना प्रमुख शिल्पकारले बताए ।



प्याकेज दुईअन्तर्गत चीनको सिनो हाइड्रो कर्पोरेसनले भूमिगत विद्युत्‌गृहमा मुख्य सुरुङ र हाइड्रोमेकालिन तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायत कार्यहरू गरिरहेको छ । यो प्याकेजको निर्माणका लागि सिनो हाइड्रो कर्पोरेसनसँग विसं २०७५ असोज १५ गते गरिएको खरिद सम्झौताबमोजिम सिनोले विसं २०७५ माघ ६ गतेदेखि आयोजनास्थलमा निर्माणकार्य जारी राखेको छ ।

प्याकेज-तीनअन्तर्गत प्रसारण लाइन निर्माणका क्रममा हालसम्म ७० वटा टावरको जग हाल्ने कार्य सकिएको छ । तेत्तीसवटा टावर जडान गरिएको छ भने १३ वटा टावरको जग संरक्षण गरिएको आयोजनाले जनाएको छ ।

आयोजनाको समग्र निर्माण विसं २०८३ असारभित्र सक्ने लक्ष्य राखिएको छ । कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कुल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) ५० करोड ५० लाख अमेरिकी डलर लाग्नेमा एसियाली विकास बैंकले १५ करोड डलर, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख डलर, युरोपेली लगानी बैंकले आठ करोड ५० लाख डलर र नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्नेगरी वित्तीय व्यवस्थापन गरिएको छ ।

# दरबाङ-म्याग्दीखोलाको निर्माण रोकियो

■ प्रभाव संवाददाता

**म्याग्दी (बेनी)–** म्याग्दीको मालिका गाउँपालिकामा निर्माणधीन दरबाङ-म्याग्दीखोला जलविद्युत् आयोजनाको मुख्य निर्माण कार्य बन्द भएको छ । धौलागिरि कालिका हाइड्रो लिमिटेडले गैरआवासीय नेपालीको लगानीमा निर्माण गर्न सुरु गरेको २५ मेगावाट क्षमताको सो आयोजनाको सुरुङ खन्ने काम तीन महिनादेखि रोकिएको हो । वि.सं २०७५ देखि पूर्वाधार निर्माण सुरु भएको यस आयोजनाको पहिलो अडिटको सुरुङमार्ग खन्न थालिएको मालिका-६ गोचाखोला क्षेत्रमा अहिले उपकरण मात्रै छन् । डोजर, सुरुङ खन्न प्रयोग गरिने मेसिन उपकरण र रडलगायतका निर्माण सामग्री सुरुङ अगाडि अलपत्र अवस्थामा छन् ।

आयोजनाको पूरा क्षमतामा निर्माणलाई पुनः अघि बढाउने गरी तयारी भइरहेको आयोजना प्रमुख गोपाल रेग्मीले जानकारी दिए । उनले यसअघि एउटा मात्रै अडिटबाट सुरुङ खन्न सुरु गरिएकोमा थप मेसिन उपकरण र जनशक्ति व्यवस्थापन गरेर दुई ठाउँबाट सुरुङमार्ग बनाउने तयारी भइरहेको जानकारी दिए ।

'अब फेरि सुरुङको काम सुरु हुन्छ, अहिले एउटा अडिटबाट सुरुङ खन्दै आएका थियौं, यसै माघ २० गतेबाट हामीले दुई ठाउँबाट सुरुङमार्ग खन्ने गरी प्रबन्ध मिलाउँदै छौं, अहिले पनि कर्मचारी आवासगृहतर्फको काम भइरहेको छ', आयोजना प्रमुख रेग्मीले भने । उनका अनुसार, यस आयोजनाको सुरुङमार्गतर्फ अहिलेसम्म करिब ३५ प्रतिशत काम सकिएको छ ।

कूल दुई हजार आठ सय ५० मिटर लामो सुरुङमार्ग बनाउनुपर्नेमा अहिलेसम्म नौ सय ९५ मिटर सुरुङ निर्माण सकिएको आयोजनाले जनाएको छ । पाँच वर्ष अगाडि तत्कालीन महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री थममायाँ थापाद्वारा आयोजनाको दुखुबेँसीको बालौटेमा निर्माण हुने विद्युत्‌गृहको शिलान्यास गरिएको थियो । तर यस आयोजनाको सुरुङबाहेक विद्युत्‌गृह र ड्यामसाइटतर्फ कुनै काम सुरु भएको छैन । आयोजनाको सुरुङ निर्माणमा विष्फोटक पदार्थको अभावले काम रोकिएको बुझिन आएको र पालिकाले आयोजनालाई सफल बनाउन प्रवर्द्धकसँग समन्वय गरिरहेको मालिका गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाले बताए । 'स्थानीयस्तरमा केही समस्या छैन, हामीले सहजीकरण गर्ने काममा सहयोग गरिरहेका नै छौं', उनले भने ।

आयोजनाको निर्माण सुस्त भएपछि लगानीकर्तासमेत चिन्तित बनेका छन् । मालिका -५ देवीस्थान, ७ बिमको सिमानामा पर्ने इल्पुमा बाँध रहने आयोजनाको सुरुङमार्गबाट ल्याइने पानीलाई दुखुबेँसीमा रहने आउटलेटबाट बालौटेमा निर्माण हुने विद्युत्‌गृहमा खसालेर विद्युत् उत्पादन गर्ने तयारी छ । रु पाँच अर्ब १५ करोड कूल लागत अनुमान गरिएको आयोजनामा ३० प्रतिशत प्रवर्द्धक र सर्वसाधारणको सेयर लगानी रहने छ भने अन्य लगानी वित्तीय संस्थाबाट ऋण लगानी हुने आयोजनाले जनाएको छ ।

# विद्युत् खपत बढाउन ऊर्जामन्त्रीको जोड

**पाटन (प्रस)–** ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर बस्नेतले विद्युत् खपत बढाउनुपर्नेमा जोड दिएका छन् । विद्युतीय चुलो राष्ट्रिय अभियानको पाँचौँ वार्षिक उत्सवको अवसरमा 'बढाऔँ विद्युतीय चुल्होको प्रयोग, पुर्‍याऔँ स्वास्थ्य सुधारमा सहयोग' भन्ने सन्देशसहित विद्युतीय चुलोसम्बन्धी ललितपुरमा आयोजित छलफलमा मन्त्री बस्नेतले आर्थिक, सामाजिक र वातावरणीय दृष्टिले विद्युतीय चुलो हरेक नेपालीका लागि उपयोगी छ भने । देशको समृद्धिको आधार जलविद्युत् भएकाले अधिकभन्दा अधिक ऊर्जा उत्पादनलाई सरकारले जोड दिएको बताए ।

ऊर्जामन्त्रीले राष्ट्रिय चुलो अभियानलाई सफल बनाउन निजी क्षेत्रलाई पनि अनुदान र सहुलियत दिएर सहभागी गराउनुपर्ने बताए । उनले जलवायु परिवर्तनका असर र त्यसबाट कृषि क्षेत्रमा परेको प्रभावबारे सबै पक्ष गम्भिर हुनुपर्छ भने । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले आगामी आर्थिक वर्षदेखि सुरुहुने १६औँ आवधिक आयोजनामा विद्युतीय चुलोको प्रयोग बढाउँदै एलपी ग्यासको आयात प्रतिस्थापन गर्नेतर्फ सरकारको ध्यान केन्द्रित हुने बताए । सामुदायिक विद्युत् राष्ट्रिय उपभोक्ता महासङ्घका अध्यक्ष नारायण ज्ञवालीले २०७५ माघ ११ गते सुभारम्भ भएको यो अभियानलाई सफल र सार्थक बनाउन विभिन्न सङ्घसंस्थासँग मिलेर आफूहरूले काम गरिरहेको बताए ।

# मातृशक्ति बचतको १५ औं स्थापना दिवस



**काठमाडौं (प्रस)–** मातृशक्ति बचत तथा ऋण सहकारीको १५ औं स्थापना दिवस सम्पन्न भएको छ । संस्थाकी अध्यक्ष मिठु श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संस्थाले अहिले गर्दै आएको कार्य र आगामी योजनाका बारेमा प्रकाश पारिएको थियो । उक्त कार्यक्रममा प्रमुख अतिथि समेत रहेका डा. रामप्रसाद दाहालद्वारा लिखित 'बोल्दैन फोटो' नामक उपन्यास समेत लोकार्पण गरिएको थियो । उक्त पुस्तकको ज्येष्ठ शेयर सदस्य हरिप्रिया अधिकारीले विमोचन गरेकी थिइन् । उक्त कार्यक्रमको विशेष अतिथि टेक राज अधिकारी रहेका थिए ।

संस्थाकी कार्यकारी निर्देशक सीता भट्टराईले संस्थाको प्रगति विवरण र आगामी दिनहरूमा संस्थाका योजनाका बारेमा प्रकाश पारेकी थिइन् । उक्त अवसरमा संस्थाकी उपाध्यक्ष एवं निर्माण व्यवसायी कमला काफ्लेले स्वागत मन्तव्य गरेकी थिइन् । साथै संस्थाकी लेखा संयोजक सुशीला धमलाले कविताबाचन समेत गरेकी थिइन् ।

# नेप्से परिसूचकमा लगातार गिरावट

**काठमाडौं (प्रस)–** यो साता नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक निरन्तर ओरालो लागेको छ । सातामा कारोबारको पाँचौं दिन बिहीबार नेप्से परिसूचक तीन दशमलव ९४ अंकले घटेर दुई हजार ८४ दशमलव ०९ को बिन्दुमा कायम भएको हो । आइतबारयता नेप्से परिसूचक निरन्तर घटिरहेको छ ।

तीन सय चार कम्पनीको एक करोड १६ लाख ८९ हजार नौ सय ५५ कित्ता सेयर ९१ हजार तीन सय ६४ पटकको खरिद बिक्री हुँदा रु तीन अर्ब ७६ करोड ४५ लाख पाँच हजार चार सय ५० बराबरको कारोबार भएको छ । बिहीबारको कारोबारमा ९१ कम्पनीको सेयर मूल्यमा वृद्धि हुँदा एक सय ४१ कम्पनीको सेयर मूल्य घटेको छ ।

सामलिङ पावर कम्पनी लिमिटेडको सेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९९ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने सिटिजन्स म्युचुअल फण्ड-२ को सेयर मूल्य पाँच दशमलव ०३ प्रतिशतले घटेको छ ।

बिहीबार सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स कम्पनीको कारोबार भएको छ । यो कम्पनीको रु २८ करोड ६७ लाखबराबरको कारोबार भएको हो । कारोबार भएका सेयर संख्याका आधारमा भने ङ्यादी ग्रुप पावर लिमिटेडको पाँच लाख ९९ हजार सात सय ६१ कित्ता सेयर किनबेच भएको छ ।

भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं

भूकम्पका कारणः
- घर, पुल तथा अन्य संरचना भत्कन सक्दछ ।
- विद्युत तथा टेलिफोन सेवा अवरोध हुन सक्दछ ।
- बाढी, पहिरो तथा आगलागीको जोखिम भई जनधनको क्षति हुनसक्छ ।

त्यसैले,
- घर, पुल तथा अन्य संरचना बनाउँदा भूकम्प प्रतिरोधी बनाऔं ।
- घर वरिपरी तथा सार्वजनिकस्थल खुल्ला राखौं ।
- भूकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ